# महावै राजपत्र


## महावै गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १३ मिति २०८० माघ २८ गते


## भाग २

## महावै गाउँ कार्यपालिकाको कार्यालय

महावै गाउँ सभाले बनाएका तल उल्लेखित ऐन कर्णाली प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

### संवत् २०८० सालको कार्यविधि नं. १३

**प्रस्तावना:**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) बमोजिम बाल अधिकारको संरक्षण र सम्बर्धनका लागि वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन एने, २०७४

को दफा १०२ को अधिकार प्रयोग गरी यस महावै गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

**१) यस कार्यविधिको नाम "स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" रहने छ।**

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"ऐन"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ।

ख) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

ग) **"प्रदेश मन्त्रालय" भन्नाले कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ।**

घ) **"गाउँपालिका"** भन्नाले महावै गाउँपालिका सम्झनु पर्दछ।

ङ) **"बाल कल्याण अधिकारी"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम

नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्दछ ।

च) **"समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बालअधिकार सम्झनुपर्दछ ।

ज) **"स्थानीय बाल अधिकार समिति"** भन्नाले गाउँ बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२

## गाउँ बाल अधिकार समितिको गठनः

**३. गाउँ बाल अधिकार समितिको गठनः**

**१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्दधन गर्न गाउँपालिकामा देहाय बमोजिमको गाउँ बाल अधिकार रहनेछ ।**

क) उपाध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

ख) अध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य -सदस्य

ग) शिक्षा शाखा प्रमुख
-सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख
-सदस्य

ङ) महावै अस्पतालको प्रमुख चिकित्सक
-सदस्य

च) गाउँभित्रको प्रहरी कार्यालय प्रमुख
-सदस्य

ज) गाउँभित्रको माध्यमिक विद्यालयको प्रधानाध्यापक वा शिक्षक १ जना -सदस्य

झ) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्ष/उपाध्यक्षले मनोनयन गरेको दुईजना
-सदस्य

ञ) महिला विकास सहकारी संस्थाको प्रतिनिधि १ जना -सदस्य

ट) बालअधिकारको क्षेत्रमा क्रियाशिल गै.स.स. प्रतिनिधि १ ज ना -सदस्य

ठ) बाल मनोविज्ञ वा बाल न्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता -सदस्य

ड) पालिका स्तरीय बाल संजालको अध्यक्ष सहित २ जना (बालक र बालिका) -सदस्य

ढ) बाल कल्याण अधिकारी/बालबालिका सम्बन्धी हेर्ने अधिकृस्तरको कर्मचारी -सदस्य सचिव

**२) मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ र खण्ड (झ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि भ्रष्टचार, जबसरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री तथा ओसारपसार, सम्पत्ति शुद्धिकरण, रहदानी दूरुपयोग, अपहरणसम्बन्धी कसूर, संगठित अपराध, बालबालिका विरुद्धको कसुर, बालअधिकार हनन् वा नैतिक पतन र अन्य फौजदारी कसुरमा सजाय नपाएको व्यक्ति हुनपर्नेछ।**

**४. गाउँ बालअधिकार समितिको काम, कर्तव्य र अधिकार**

१) दफा ३ बमोजिम गठन हुने गाउँ बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) समितिको दिर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा गर्ने,

ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण प्रवर्धन र परिपुर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्ने ।

ग) गाउँपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्यांकन तथा समिक्षा गरी सुझाव दिने,

घ) बालअधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरु संग समन्वय तथा सहकार्य गर्ने ।

ङ) नेपालको पक्षमा रहेको बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय, क्षेत्रीयन्धसँग सम्बन्धित पालिकस्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने ।

च) पालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौनदुर्व्यवहार जस्त सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पनःस्थापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बालहेल्पालाइन नं. १०९८ (दश नौ आठ) नेपाल सञ्चलन सेवा अभिवृद्धि जस्ता कार्य समन्वय, सहयोग र सहजीकरण गर्ने ।

छ) बालबालिका सम्बन्धी स्थानीय तथ्यांक/विवरण संकलन, अधिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

ञ) बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि सञ्चालन हुने राष्ट्रिय/प्रदेशिका र गाउँपालिकाको अभियानमा सहयोग गर्न ।

ट) विशेष संरक्षणको आवशयकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने प्रचलीत कानुन बमोजीम व्यवस्थि गर्न सहजीकरण गर्ने ।

ठ) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थपाना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ड) गाउँपालिका भित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पर्नुस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ढ) गाउँपाकिला भित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्नस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका

सम्बन्धमा देहायको बुँदाहरुमा टोली/समिति गठन गरी अनुगमन गर्ने/गराउने :

१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

३) बालक्लब गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बालसहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन ।

४) बालक्लब गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बालसहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ । वा छैन,

५) बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्नस्थापना केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै आवञ्छित कार्य भएको छ वा छैन,

६) उपखण्ड (५) मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन

७) बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण आधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

८) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्ड बमोजिम पालन गर्नुपर्ने कुराहरु पालन गरेको छ वा छैन ।

९) उपलब्ध श्रोत, साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

१०) बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन

११) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**५. वडा स्तरीय बालअधिकार समिति गठनः**

**गाउँपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछः**

१. वडाअध्यक्ष/अध्यक्षले तोकेको व्यक्ति
-अध्यक्ष

२. वडा महिला सदस्य
-सदस्य

३. वडाभित्रको स्वास्थ्य संसथ प्रमुख/ प्रतिनिधि
-सदस्य

४. वडा भित्रका सामुदायिक वा संस्थागत विद्यालयहरु मध्येबाट वडाअध्यक्षले तोकेको एकजना प्रधानाध्यापक
-सदस्या

५. बालबालिकाको क्षेत्रमा क्रियाशील वडाभित्रका गै.स.स. बाट वडा अध्यक्षले तोकेको व्यक्ति - सदस्य

६. महिला संस्था/वडा महिला सञ्जाल प्रतिनिधि -सदस्य

७. वडा बालसञ्जाल प्रतिनिधि -सदस्य

८. बालअधिकारको क्षेत्रमा कार्याअनुभव भएको वडा अध्यक्षले तोकेको व्यक्ति -सदस्य

९. वडा सचिव -सदस्य सचिव

**६. वडा स्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः**

क) बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जूमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

ख) वडाभित्र विशेष संरक्षणको अवाश्यकता भएका बालबालिकाको तथ्यांक संकलन अद्यावधिक गर्ने र पालिका स्तरीय समिति समक्ष पठाउने ।

ग) वडाभित्र बालबालिकाहरुको क्षेत्रमा कार्यरत संघ-संस्था, बालक्लब लगायतका सरोकारवाला बीच आवश्यक समन्वय र सहयकार्य गरी

बालअधिकार सम्बन्धी संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्ने, गराउने ।

घ) बालअधिकारका क्षेत्रमा स्थानीय संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने ।

ङ) जोखीममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने ।

च) वडा भित्र बाल अधिकार हननका घटना सम्बन्धमा सम्बन्धित निकाय सँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ज) आवश्यकतानुसार बालबालिकाहरुको निमित्त आकस्मिक कोषको व्यवस्था मिलाउने ।

झ) बाल अधिकारको सम्मन, संरक्षणमा र प्रवर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने ।

ञ) वडा भित्र बालबालिकाका सम्बन्धमा भए गरेको कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र पालिका स्तरीय बालअधिकार समक्ष पठाउने ।

ट) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**७. गाउँपलिका /वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः**

**पालिका स्तरीय बालअधिकार समिति वडा बालअधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ।**

क) समितिको बैठक वर्षको कम्तिमा ४ (चार) पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयहरुको सूची सहित दुईदिन अगाडि समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

घ) समितिमा तत्काल कायम रहेका सदस्य संखयोका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको अध्यक्ष बैठमा अनुपस्थिति भएमा समिति मध्यका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निणर्य मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिन सक्नेछ ।

छ) समितिको बैठकको निर्णय समितिको अध्यक्षद्धारा प्रमाणित हुनेछ ।

ज) समितिको बैठक तथा सञ्चालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ ।

झ) बैठक सम्बन्धी अन्य व्यवस्था समितिले आफै निर्धारण गरेबमोजिम हुनेछ ।

ञ) समितिको बैठकमा आवशयकत अनुसार विष्यासँग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्ने सकिनेछ ।

**८. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः**

१) स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

२) उपदफा १ बमाजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटिए वा काम गरेवापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकि दिए बमोजिम हुनेछ ।

**९. विविधः**

**बालकल्याण अधिकारीहरुको काम, कर्तव्य र अधिकार**

क) बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्बन्धी पालिकास्तरीय योजना तथा कार्यक्रम गर्ने स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने,

ख) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यन्वयन गर्ने गराउने ।

ग) स्थानीय बालअधिकार समितिको सदस्य सचिव भई काम गर्ने ।

घ) स्थानीय बालअधिकार समितिबाट प्रत्योयोजित एवं निर्देशित अन्य काम गर्ने गराउने ।

**१) कानूनी तथा नियामक व्यवस्था**

यस कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक कानूनी तथा नियामक व्यवस्था मिलाइनेछ ।

**२) अनुगमन तथा मूल्याङ्कन**

क) यस कार्यविधिलाई समय तालिका सहितको कार्य योजना बनाई कार्यान्वयन गरीने छ ।

ख) कार्यविधि कार्यान्वयनको अनुगमन गर्न अनुगमन तथा मूल्याङ्क प्रारुप (Monitoring and Evaluation Framework) तयार गरिनेछ

। साथै यो नीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व पालिका स्तरीय समितिको हुनेछ ।

**३) पूर्वानुमान तथा जोखिम**

प्रस्तुत कार्यविधि तर्जुमा गर्दा देहाय बमोजिमको पूर्वानुमान गरिएको छ ।

**पूर्वानुमान**

क) प्रारम्भिक चरणमा अधिकतम मात्रामा लक्षित वर्गहरुलाई समेट्न कार्यक्रमको व्यवस्थापन खर्चका लागि बजेटको विशेष व्यवस्था हुने ।

ख) बालबालिकाहरुको आधारभूत आवश्यकताको ग्यारेन्टि सहित सुनिश्चित गर्न सहज हुने ।

**जोखिम**

प्रस्तुत कार्यविधि तर्जुमा गर्दा देहाय बमोजिमको जोखिम हुन सक्ने अनुमान गरिएको छ ।

क) प्रारम्भिक चरणमा अधिकतम मात्रामा लक्षित वर्गहरुलाई समेट्न कठिन हुन सक्ने तसर्थ सहभागिता न्यून हुनसक्ने ।

ख) बजेट व्यवस्थापन तथा संचालन गर्न कठिन हुन सक्ने ।

**५) खारेजी तथा बचाउ**

- कार्यविधि जारी हुनुभन्दा अगाडि भएको गरेको व्यवस्था यसै कार्यविधि बमोजिम भएको मानिनेछ । साथै कार्यविधि संघीय एवं प्रादेशिक कानूनसँग बाझिएको हदसम्म

अमान्य
हुनेछ ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय महावै गाउँपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।
- यो कार्यविधिमा कुनै बाधा अड्काउ परेको खण्डमा महावै गाउँपालिकाको कार्यपालिकाले गाउँ सभामा पेश गरी आवश्यकता र औचित्यताको आधारमा कार्यविधिको व्यख्या, परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ ।

प्रमाणीकरण मिति २०८०।०३।११

आज्ञाले
प्रकाश शाही
नि प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०।०३।२१